# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
बिर्तामोड,झापा
कोशी प्रदेश, नेपाल


प.सं. २०८०/०८१
च.नं. ३७१

मिति :– २०८०/१२/२८

**विषय :-निर्देशन सम्बन्धमा ।**

श्री संलग्न सूची अनुसारका संस्थागत विद्यालयहरु
विर्तामोड, झापा ।

प्रस्तुत विषयमा विर्तामोड नगर शिक्षा समितिको मिति २०८०/१२/२६ को बैठकको निर्णय अनुसार शैक्षिक सत्र २०८१ का लागि निम्न अनुसार गर्न गराउनु हुन अनुरोध छ ।

**तपसील**

**१.शुल्क सम्बन्धमा निर्देशनहरु ।**

क). शैक्षिक सत्र २०८१ का लागि मासिक शुल्कको अधिकतम सीमा देहाय बमोजिम निर्धारण भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन ।

| कक्षा | नर्सरी | एलकेजि | युकेजी | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मासिक शुल्क | | | | | | | | | | | | | |

ख. सबै संस्थागत विद्यालयहरुको शैक्षिक सत्र २०८१ देखि लागु हुनेगरी प्रत्येक २/२ बर्षमा मात्र शुल्क समायोजन हुने ।

ग. आ.व. ०८१/०८२ मा सरोकारवाला पक्षको समन्वयमा सबै संस्थागत विद्यालयहरुको स्तरीकरण गरी सो को आधारमा शुल्क व्यवस्थापन गर्ने ।

घ. विद्यालयहरुले भर्ना शुल्क विद्यालयमा प्रवेश गरेको पहिलो एक पटकमात्र अधिकतम् सोही कक्षाको एक महिनाको शुल्क बराबरको रकममात्र लिने । कक्षा स्तरोन्नति भएका विद्यार्थीहरुका लागि भर्ना शुल्क लिन नपाउने ।

ङ. वार्षिक शुल्कको हकमा संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को १४.२ बमोजिम अधिकतम् दुई महिनाको मासिक शुल्क बराबरको रकममात्र खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, पुस्तकालय, भौतिक मर्मत, प्राथमिक उपचार आदि प्रयोजनका लागि लिन पाउने ।

च.. परीक्षा शुल्कको हकमा बर्ष भरिमा सबै परीक्षा वापत अधिकतम् सम्बन्धित कक्षाको मासिक शुल्कको ५० प्रतिशतभन्दा वढी नहुने गरी लिने ।

छ. विद्यालयले आवास, दिवा भोजन तथा खाजा, परिवहन, विशेष प्रशिक्षण लगायतका शुल्कको हकमा सेवा प्रयोग गर्ने बालबालिकाको कम्तिमा दुई तिहाई अभिभावकहरुको भेलाबाट अनुमोदन गराएर मात्र लिने ।

२.. **"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरोय शिक्षा प्राप्तिको सुनिश्चितता"** भन्ने आदर्श वाक्यकासाथ सबै संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०८१ को बैसाखमा अभियानका रुपमा घरदैलोसहितको कार्यक्रम सञ्चालन गरी विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई बिद्यालयमा भर्ना कार्यक्रम सम्पन्न गरी २०८१ जेठ ७ गते भित्र विद्यार्थी एकिन तथा IEMIS अनलाइन अपडेट गर्ने ।

३. स्थानीय विषय अन्तर्गत कक्षा १–८ को आचरण सचेतना शिक्षा पाठ्यपुस्तक नगरपालिकाले तोकेको सप्लायर्सबाट खरिद गर्ने व्यवस्था मिलाइ सबै बालबालिकाहरुलाई पाठ्यपुस्तक सुनिश्चितता गर्ने ।

४. कक्षा १ भन्दा माथिका कक्षामा अन्य विद्यालयबाट स्थानान्तरण भई आएका विद्यार्थीहरुको अनिवार्यरुपमा

तिलचन भण्डारी
उपसचिव

CamScanner

# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
बिर्तामोड,झापा
कोशी प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं. ३७१

अन्यत्र जानका लागि सम्बन्धित विद्यार्थीको अभिभावकबाट निवेदन पेश भएमा नियमानुसार स्थानान्तरण प्रमाण पत्रतथा ग्रेडसीट/मार्कसीट साथै IEMIS रजिस्ट्रेशन नम्बर उपलब्ध गराउने ।

५. विद्यालयले आफूले पाएको अनुमतिभन्दा बाहेकको तह र कक्षामा विद्यार्थी भर्ना नगर्ने नगराउने ।

६. नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीमात्र प्रयोग गर्ने । सो सम्बन्धमा यस शाखाबाट २०८० चैत्र ७ गते पठाइएको पाठ्यक्रम विकास केन्द्रको च.नं. ३३५ मिति २०८०/११/२३ को सूचना अनुसारको पत्र कार्यान्वयन गर्ने गराउने ।

७. विद्यालय पोशाक, पाठ्यपुस्तक, स्टेशनरी जस्ता शैक्षिक सामग्रीहरु विद्यालय परिसरभित्र बिक्री वितरण नगर्ने नगराउने । सबै बालबालिकाहरुलाई भर्नासँगै पाठ्यपुस्तकको प्राप्तिको सुनिश्चितता गर्न सहयोग पुऱ्याउने ।

८. शैक्षिक सत्र २०८१ मा परिवर्तित पाठ्यक्रम अनुसार कार्यतालिका निर्माण गर्दा पाठ्यघण्टाका आधारमा निर्माण गरी पठनपाठन गर्ने व्यवस्था मिलाउने ।

**९. विद्यालयहरुबाट नियमानुसार वितरण गर्ने १० प्रतिशत छात्रवृत्ति सम्बन्धमा ।**

क.बिर्तामोड नगरपालिकाको शिक्षा ऐन २०७९ (संशोधनसहित) को दफा ६३ बमोजिम विद्यालयले प्रदान गर्ने छात्रवृत्तिलाई व्यवस्थित गर्न शैक्षिक सत्र २०८१ को नयाँ भर्नासँगै छात्रवृत्ति पाउनु पर्ने स्पष्ट आधार र कारण सहित एक महिनाको समय दिई विद्यार्थीबाट अनुसूची १७ को ढाँचामा (अनुसूचीको ६ नं. बुदा पहिलो संशोधनले हटाएको) आवेदन मागको सूचना गर्ने र उक्त सूचनाको एक प्रति शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने ।

ख.विद्यालयले कक्षागत विद्यार्थी विवरण एकिन गरिसकेपछि उपलब्ध गराउनु पर्ने १० प्रतिशत छात्रवृत्तिलाई १०० प्रतिशत मानि आवेदन पेश गर्ने विद्यार्थीहरुमध्ये ऐनको अनुसूची १८ बमोजिम विपन्न, दलित, पिछडिएको क्षेत्र, अपाङ्गताको क्षेत्र, असहाय, जेहेन्दार जस्ता आधारमा कक्षागतरुपमा प्राथमिकिकरण गरी ६० प्रतिशत छात्रवृत्ति विद्यालय व्यवस्थापन समितिको निर्णयबाट मिति २०८१ असार १५ भित्र वितरण गर्ने र सो को निर्णय सहितको तपसिलको ढाँचाको विवरण यस शाखामा पेश गर्ने ।

| क्र.स. | विद्यार्थीको नाम थर | कक्षा | अभिभावकको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | | | | |

ग. बाँकी रहेको ४० प्रतिशत छात्रवृत्तिको हकमा बुँदा 'ख' बमोजिम प्राथमिकिकरण गरी विद्यार्थीको नामनामेशी, निजको सक्कल आवेदन र विद्यालयको सिफारिस सहितको कक्षागत विवरण छात्रवृत्ति छनौटका लागि बिर्तामोड नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा मिति २०८१ असार १६ गते भित्रमा अनिवार्य पठाउने ।

घ.बुँदा 'ग' बमोजिमको ४० प्रतिशत छात्रवृत्तिको विवरण शाखामा प्राप्त भएपछि १५ दिनभित्र छात्रवृत्ति पाउने विद्यार्थी छनौट गरी विवरण सहित वितरणका लागि सम्वन्धित विद्यालयमा पठाइनेछ ।

ङ कक्षागत विद्यार्थी संख्या एकिन गर्दा IEMIS मा भरेका विद्यार्थी विवरणलाई आधार बनाउनु पर्नेछ ।

***बोधार्थ***

श्रीसूचना तथा प्रविधि शाखा : पत्रसहितको संलग्न सूची अनुसारका संस्थागत विद्यालयहरुको शैक्षिक सत्र २०८१ अधिकतम् शुल्क सीमा वेभसाइटमा अपलोड गरी दिनहुन ।

तिलचन भण्डारी
उपसचिव

## बिर्तामोड नगरपालिका

### शैक्षिक सत्र २०८१ को तोकिएको समयसिमा भित्र प्रस्ताव पेश गर्ने संस्थागत विद्यालयहरुको कार्यदलले पेश गरेको सुझावको आधारमा तयार गरिएको शैक्षिक सत्र २०८१ को कक्षागत अधिकतम शुल्क समायोजनको विवरण

| क्र.सं. | विद्यालयको नाम | नर्सरी | एल के जी | यू केजी | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | |
| १ | विराटज्योती अं. आ. मा.वि. विर्तामोड ३ | २००० | २०५० | २१०० | २१४० | २३०० | २३५० | २४५० | २५५० | २८०० | ३००० | ३३५० | ३५०० | ४००० | |
| २ | सुनगाभा अंग्रेजी वो स्कूल, विर्तामोड ५ | २००० | २१०० | २२०० | २३०० | २३०० | २३०० | २४०० | २५०० | २६०० | २७०० | २८०० | | | |
| ३ | न्यूटन एजुकेशन एकेडेमी बिनपा ५ | २६०० | २६०० | २६०० | ३३०० | ३४०० | ३४०० | ३५०० | ३५०० | ४४०० | ४४०० | ४५०० | ४८०० | ४९०० | |
| ४ | बाल्मिकी एजुकेशन फाउण्डेसन बिनपा १ | २५०० | २८०० | २८०० | ३७०० | ३७०० | ३९०० | ४००० | ४१०० | ४४०० | ४५०० | ४६०० | ४९०० | ५००० | |
| ५ | डिज्नी प्ले स्कूल एजुकेशन फा. बिनपा ५ | २००० | २००० | २१०० | २१०० | २२०० | २३०० | २४०० | २५०० | २६०० | | | | | |
| ६ | ग्रिनफिल्ड वर्ल्ड स्कूलः विर्तामोड १ | ३१०० | ३२०० | ३२०० | ४००० | ४००० | ४५०० | ४६०० | ४८०० | ५००० | ५२०० | ५४०० | ५५०० | ५६०० | |
| ७ | इडन गार्डन एजुकेशन फाउन्डेशन बिनपा ४ | २२०० | २२०० | २३०० | २५०० | २६०० | २६०० | २६०० | २७०० | २९०० | ३००० | ३२०० | ३३०० | ३४०० | |
| ८ | बुद्धस्मृती एजुकेशन फाउण्डेसन बिनपा ५ | २२०० | २३०० | २४०० | २६०० | २७०० | २७०० | २८०० | २९०० | ३३०० | ३३०० | ३४०० | ३७०० | ३८०० | |
| ९ | एभरेष्ट स्मार्ट स्कूल, विर्तामोड ६ | २८०० | २८०० | २८०० | ४२०० | ४२०० | ४४०० | ४४०० | ४७०० | ४७०० | ५२०० | ५४०० | ५४०० | ५४०० | |
| १० | एसेन्ट एकाडेमी, विर्तमोड २ | १९०० | १९०० | १९०० | १९०० | २००० | २१०० | २१०० | २१०० | २४०० | २५०० | २६०० | २८०० | ३००० | |
| ११ | लिटिल फ्लावर्स इ. स्कूल, विर्तमोड ४ | ३२०० | ३५०० | ३५०० | ४४०० | ४४०० | ४४०० | ४६०० | ४६०० | ४८०० | ४८०० | ५२०० | ५२०० | ५२०० | |
| १२ | ग्लोरी इ. वो. स्कूल, विर्तामोड ३ | १८०० | १९०० | २००० | २२०० | २४०० | २६०० | २७०० | २८०० | ३००० | ३२०० | ३४०० | ३७०० | ३८०० | |
| १३ | सेन्ट जेभियर्स स्कूल बिनपा ८ | | | | २३०० | २३०० | २३०० | २३०० | २५०० | २६०० | २७०० | २९०० | ३००० | ३१०० | |
| १४ | एमिटी से.स्कूल. विर्तामोड ५ | २६०० | २६०० | २७०० | २८०० | २९०० | ३००० | ३१०० | ३२०० | ३२०० | ३३०० | ३६०० | ३७०० | ३८०० | |
| १५ | कंचनजघा वो. स्कूल, बिर्तामोड ४ | १८०० | १९०० | २००० | २१०० | २२०० | २५०० | २६०० | २७०० | ३००० | ३२०० | ३३०० | ३४०० | ३५०० | |
| १६ | ब्लूबेल एकेडेमी बिनपा ५ | २२०० | २३०० | २४०० | २६०० | २७०० | २७०० | २८०० | २९०० | ३२०० | | | | | |
| १७ | देवकूल अं स्कूल, विर्तामोड २ | २१०० | २२०० | २२०० | २३०० | २३०० | २४०० | २४०० | २६०० | २८०० | २८०० | २९०० | ३२०० | ३४०० | |
| १८ | अनारमनी लिबर्टी स्कूल, विर्तामोड ५ | २२०० | २३०० | २४०० | २५०० | २७०० | २८०० | २९०० | ३००० | ३२०० | ३३०० | ३५०० | ३७०० | ३९०० | |
| १९ | कञ्चन ई. बो. स्कूल बिनपा ७ | १६०० | १७०० | १८०० | १९०० | २००० | २१०० | २२०० | २३०० | २५०० | २६०० | २७०० | २८०० | २९०० | |
| २० | कन्काइ बोर्डिङ इ. हाइस्कूल , बिर्तामोड ५ | १७०० | १७०० | १७०० | १८०० | २००० | २००० | २३०० | २३०० | २४०० | २८०० | २८०० | ३००० | ३००० | |
| २१ | मनकामना सेकेण्डरी स्कूल बिनपा १ | २१०० | २२०० | २२०० | २३०० | २४०० | २५०० | २६०० | २७०० | २९०० | ३००० | ३१०० | ३२०० | ३३०० | |
| २२ | बेल्स मोडेल स्कूल, बिर्तामोड ७ | १५०० | १५०० | १६०० | १७७० | १९०० | १९०० | २००० | २१०० | २२०० | २४०० | २६०० | ३००० | ३१०० | |
| २३ | लिटिल एन्जल्स अंग्रेजी स्कूल बिनपा ५ | २१०० | २१०० | २२०० | २३०० | २३०० | २४०० | २५०० | २६०० | २७०० | २८०० | ३१०० | ३४०० | ३६०० | |
| २४ | चिल्ड्रेन इ. स्कूल, बिर्तामोड १ | २४०० | २६०० | ३००० | ३४०० | ३६०० | ३७०० | ३८०० | ३९०० | ४००० | ४००० | ४१०० | ४३०० | ४८०० | |
| २५ | लालिगुँरास इ. स्कूल बिनपा ८ | १३०० | १४०० | १५०० | १६०० | १७०० | १८०० | १९०० | २००० | २१०० | २२०० | २३०० | २६०० | २९०० | |
| २६ | कमनर्स होम फर एजुकेशन बिनपा ५ | २००० | २२०० | २३०० | २३०० | २४०० | २६०० | २७०० | २८०० | ३१०० | ३३०० | ३४०० | ३७०० | ३८०० | |
| २७ | क्रिएटिभ आइडियल्स ए. बिर्तामोड १ | १७०० | १८०० | १९०० | २१०० | २२०० | २३०० | २४०० | २६०० | २८०० | ३००० | ३२०० | | | |
| २८ | अवाकस बोर्डिङ स्कूल बिर्तामोड ४ | २२०० | २२०० | २२०० | २५०० | २६०० | २७०० | २८०० | २९०० | ३२०० | ३२०० | ३३०० | ३५०० | ३७०० | |
| २९ | टावर टम्पल स्कूल बिर्तामोड ५ | २२०० | २२०० | २२०० | २४०० | २४०० | २५०० | २७०० | २७०० | २९०० | ३१०० | ३१०० | ३५०० | ३५०० | |
| ३० | मिडल पोइन्ट इलिमेन्टरी स्कूल बिनपा ५ | १६०० | १७०० | १८०० | २००० | २२०० | २४०० | २५०० | २७०० | २९०० | ३००० | ३१०० | | | |
| ३१ | साहारा साकोस शिक्षा सदन, बिर्तामोड २ | २३०० | २६०० | २७०० | ३००० | ३१०० | ३२०० | ३२०० | ३४०० | ३५०० | ३६०० | | | | |
| ३२ | बिर्ता एजुकेशन फाउण्डेसन प्रा.लि. बिर्तामोड ५ | २७०० | ३२०० | ३२०० | ३७०० | ३७०० | ३९०० | | | | | | | | |
| ३३ | ग्रोमेन्द बिर्ता मोडेल मावि, बिर्तामोड ४ | २३०० | २३०० | २३०० | २४०० | २४०० | २६०० | २७०० | २८०० | २९०० | ३३०० | ३३०० | ३७०० | ३८०० | |
| ३४ | सगरमाथा आवासीय मावि बिनपा ५ | | | | १९५० | २००० | २०५० | २१०० | २१५० | २३०० | २३५० | २५०० | २८४० | ३००० | |
| ३५ | नवोदय शिक्षा सदन | २३०० | २३०० | २३०० | २५०० | २६०० | २७०० | २८०० | २८०० | ३००० | ३१०० | ३२०० | ३४०० | ३५०० | |
| ३६ | मंगलदिप इलाइट इ. स्कूल बिर्तामोड २ | १६०० | १६०० | १६०० | १९०० | १९०० | २००० | २१०० | २२०० | | | | | | |
| ३७ | अबाकस इ.बो. स्कूल बिर्तामोड ४ | २२०० | २२०० | २२०० | २५०० | २६०० | २७०० | २८०० | २९०० | ३२०० | ३२०० | ३२०० | | | |
| ३८ | बेस्ट फ्युचर स्कूल | १८०० | १९०० | २००० | २१०० | २२०० | २३०० | | | | | | | | |
| ३९ | तक्षशिला प्रोगेसिभ इ. स्कूल बिर्तामोड ६ | ३२०० | ३२०० | ३२०० | ३७०० | ३७०० | ४१०० | ४१०० | ४३०० | ४५०० | ४७०० | ४७०० | ५००० | ५३०० | |

# बिर्तामोड नगरपालिका

## शैक्षिक सत्र २०८१ मा शुल्क मात्र पेश नगर्ने / यथावत कायम गर्न सिफारिस गर्ने संस्थागत विद्यालयहरुको शैक्षिक सत्र २०८० को शुल्क २०८१ मा कायम गर्ने गरी तयार गरिएको विद्यालयहरुको कक्षागत शुल्क विवरण

| क्र.सं. | विद्यालयको नाम | नर्सरी | एल के.जी | यू केजी | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | २०८१ को अधिकतम शुल्क | |
| १ | निदि अं. मा.वि, बिर्तामोड २ | २१०० | २१५० | २२५० | २४५० | २५०० | २५५० | २६०० | २७०० | ३००० | ३००० | ३१०० | ३५०० | ३५०० | पेश नगरेको |
| २ | विष्णु भगवती इ. बो स्कूल बिनपा १० | १७०० | १८०० | १९५० | १९५० | २००० | २१०० | २१०० | २१५० | २५०० | २६०० | २७०० | | | गतवर्षको यथावत गर्न पत्र प्राप्त |
| ३ | सरस्वती एञ्जल्स इ. स्कूल बिनपा ६ | १५०० | १५७० | १६२० | १६८० | १७४० | १७८० | १८०० | १८७० | १९९० | २०७० | २३६० | २६४० | २८२० | गतवर्षको यथावत गर्न पत्र प्राप्त |
| ४ | माइ भ्याल्ली बोर्डिङ स्कूल बिनपा ३ | १६०० | १६०० | १६०० | १६०० | १७०० | १७५० | १७५० | १८०० | १८५० | १९०० | १९५० | | | गतवर्षको यथावत गर्न पत्र प्राप्त |
| ५ | सनराइज बो. स्कूल, बिर्तामोड ८ | ७०० | ७५० | ८०० | ९०० | १००० | ११०० | ११०० | ११५० | | | | | | गतवर्षको यथावत गर्न पत्र प्राप्त |
| ६ | सिद्धार्थ शिक्षा सदन बिनपा १० | १७५० | १८०० | १८५० | १९०० | १९५० | २००० | २०५० | २१०० | २१५० | २२०० | २२५० | | | गतवर्षको यथावत गर्न पत्र प्राप्त |
| ७ | बालकल्याण आवासीय मावि बिनपा २ | २००० | २०४० | २१९० | २४०० | २५०० | २५०० | २५५० | २६४० | ३००० | ३१५० | ३४०० | ३५०० | ३६०० | गतवर्षको यथावत गर्न पत्र प्राप्त |
| ८ | प्रशान्ति ए. फाउण्डेसन, बिर्तामोड ६ | २००० | २००० | २००० | २१०० | २२०० | २३०० | २४०० | २५०० | २८०० | ३००० | ३००० | ३३०० | ३५०० | १० % वृद्धि गर्न तोकिएको समयावधि पछि प्राप्त |
| ९ | काबेली आ .मावि बिनपा ५ | १८०० | १८५० | १९५० | २००० | २०५० | २०७५ | २१०० | २३०० | २३५० | २६०० | ३००० | ३२०० | ३३०० | पेश नगरेको |
| १० | रुद्र मेमोरियल अं. बो स्कूल, बिर्तामोड ५ | २०५० | २१५० | २३५० | २४५० | २५५० | २६०० | २७०० | २८०० | २९०० | ३०१० | ३२०० | ३४०० | ३६५० | पेश नगरेको |
| ११ | ग्रिन वुड इ. स्कूल, बिर्तामोड ४ | १७०० | १८०० | १८०० | १९०० | १९०० | १९०० | १९०० | | | | | | | पेश नगरेको |
| १२ | प्राग्ना ए. फाउण्डेसन, बिर्तामोड १ | २००० | २००० | २००० | २५०० | २५०० | २६०० | २७०० | | | | | | | पेश नगरेको |
| १३ | ह्याप्पि किड्स ए. फा., बिर्तामोड ५ | १४८० | १५२५ | १५९० | १६५० | १७०० | १७५० | १८०० | | | | | | | पेश नगरेको |
| १४ | नबोदय फनमिन शिक्षा सदन बिर्तामोड ३ | २००० | २००० | २०५० | २२५० | २३०० | २३५० | २४५० | २५०० | २७५० | २८०० | ३००० | ३२०० | ३३०० | पेश नगरेको |
| १५ | हिमेश एजुकेशन फाउण्डेशन बिर्तामोड १ | २००० | २००० | २००० | २२०० | २२५० | २३५० | २४५० | २५०० | ० | ० | ० | | | यथावत गर्ने निर्णय गरेको |
| १६ | वेबील्याण्ड स्कूल बिर्तामोड- ४ | १२०० | १३०० | १३५० | १४०० | १५०० | १६०० | | | | | | | | पेश नगरेको |
| १७ | विराट अर्जुन इ. स्कूल बिर्तामोड १० | १३५० | १४०० | १५०० | १५५० | १६०० | १७०० | १८०० | १९०० | | | | | | गत वर्षको यथावत गर्न पत्र प्राप्त |